बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रदेश दुग्ध विकास बोर्ड

हेटौंडा, नेपाल ।

पत्र संख्याः २०८१/८२
च.नं. ४१

मितिः २०८१/०७/०२

श्री पशु सेवा कार्यालय,
काभ्रे/ललितपुर/दोलखा/धादिङ्ग/सिन्धुली/चितवन/मकवानपुर/नुवाकोट।

विषयः सुचना टाँस सम्वन्धमा।

प्रस्तुत विषयमा यस प्रदेश दुग्ध विकास बोर्डको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमहरुको प्रस्ताव आव्हानको सूचना प्रकाशन भएको हुदाँ तहाँ कार्यालयमा यसै पत्र साथ संलग्न सूचना टाँस र सबै स्थानिय तहहरुमा जानकारीको लागी सूचना पठाई साथै आवेदन दर्ता गरी सहयोग गरिदिनु हुन अनुरोध छ।

डा. राम प्रकाश प्रधान
निर्देशक

श्री प्रशासन
वेबसाईटमा सूचना प्रकाशन गर्नुहुन
०६।०४

फोन नं.: ०५७-५९०५९१, ५९०४९१ वेभसाईट: pddb.bagamati.gov.np ईमेल: pddb@bagamati.gov.np

६५

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रदेश दुग्ध विकास बोर्ड

हेटौंडा, नेपाल ।

## साइलेज आपुर्तिकर्ता सूचिकरण सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८१/०७/०२

सूचना नं.-०२

प्रदेश दुग्ध विकास बोर्ड, बागमति प्रदेश, हेटौंडाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम" अन्तर्गत छनौट भएका साझेदार संस्थाहरुलाई साइलेज विक्रि गर्न इच्छुक तथा साइलेज बिक्रि वितरण गर्न नियम अनुसार दर्ता भएका सस्थांहरुले तपसिल बमोजिमको कागजात सहित यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडामा सूचिकरण गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरूको विवरणः

- रू १०।- को हुलाक टिकट टाँस गरी अनुसुचि-३ बमोजिमको निवेदन,
- संस्था दर्ता तथा नविकरणको प्रमाणको प्रतिलिपि,
- प्यान दर्ताको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र,
- नेपाल सरकारको मान्यता प्राप्त प्रयोगशालाबाट अनुसुची- ४ मा उल्लेखित साइलेजको मापदण्ड तथा गुणस्तरको प्रमाणपत्र (पछिल्लो तिन महिना भित्रको ),
- साइलेजको ब्राण्ड नाम, प्रति इकाई मूल्य, कम्पनी शाखा/ बिकि कार्यालयहरु, आ.व.२०८१/०८२ मा उपलब्ध गराउन सक्ने साइलेजको परिमाण उल्लेख गरिएको विवरण ।

नोटः- थप जानकारीको लागी प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडाको फोन नं. ०५७-५९०५९१, ०५७-५९०४९१ मा सम्पर्क राख्नु हुन र वेभसाईट pddb.bagamati.gov.np बाट साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यान्वयन कार्यविधि, २०७९ डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ।

डा. राम प्रकाश प्रधान

निर्देशक

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रदेश दुग्ध विकास बोर्ड

हेटौंडा, नेपाल ।

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८१/०७/०२

सूचना नं.-०३

प्रदेश दुग्ध विकास बोर्ड, बागमति प्रदेश, हेटौंडाको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्र कार्यान्वयनको लागि सहभागी हुन ईच्छुक आवेदक संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समक्ष आइपुग्ने गरी तपसिलमा उल्लेखित कागजात सहित यस बोर्ड वा जिल्लास्थित पशु सेवा कार्यालयमा प्रस्ताव दर्ता गर्नु हुन सुचित गरिन्छ । सा रित नपुगी दर्ता भएका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन।

तपसिल

| क. स. | कार्यक्रमको नाम | आवेदक | कार्यविधि |
|---|---|---|---|
| १ | उत्पादनमा प्रविधि एवम् यन्त्र सहयोग कार्यक्रम | कृषक समूह, दूधको कारोबार गर्ने सहकारी संस्था, निजी कृषि फर्म, कृषि उद्यमी | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ |
| २ | ग्रामिण क्षेत्रका कृषक समुह/सहकारीहरुका लागि Milk Collection Bank स्थापना | कृषक समुह वा सहकारी संस्था | दूध संकलन बैंक स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९ (प्रथम संशोधन) |

पेश गर्नुपर्ने कागजातहरु:

१. रु. १० को टिकट टाँस गरिएको अनुसुचि -२ बमोजिमको आवेदन पत्र .
२. सहकारी संस्था/कृषक समुह दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. आवेदकको PAN वा VAT प्रमाण पत्रको पत्रलिपि,
४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
५. Milk Collection Bank को हकमा अनुसुचि-३ बमोजिम कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना,
६. Milk Collection Bank को हकमा अनुसुचि-४ बमोजिमको दोहोरो सुविधा नलिएको सम्बन्धी स्वघोषणा,
७. कार्यक्रममा सहभागि हुने संस्थाको निर्णयको प्रतिलिपी,
८. Milk Collection Bank को कार्यक्रम कार्यान्वयन हुने स्थानको विवरण सहित कम्तिमा दुई थान फोटो,
९. सहकारी संस्थाको हकमा लेखा परिक्षणको प्रतिलिपी
१०. कृषि यान्त्रिकरणको हकमा अनुसुचि-३ बमोजिमको प्रतिबद्धता पत्र,
११. कृषि यान्त्रिकरणको हकमा मेशिनरी औजार संन्चालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि,
१२. कृषि यान्त्रिकरणको हकमा संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गर्रीने कर अद्यावधिक भएको पत्र
१३. कृषि यान्त्रिकरणको हकमा आवेदन प्रकृयाको लागि जिम्मेवारी दिइ खटाउने पदाधिकारीलाई अख्तियारी पत्र र नागरिकता प्रमाण पत्र प्रतिलिपि
१४. कृषि यान्त्रिकरणको हकमा आवेदकले अनुसुचि-४ बमोजिम न्यूनतम मापदण्ड पूरा गरेको प्रमाण खुल्ने कागजात

नोटः- थप जानकारीको लागी बोर्डको फोन नं. ०५७-५९०५९१, ०५७-५९०४९१ मा सम्पर्क राख्नु हुन र वेबसाईट pddb.bagamati.gov बाट सम्बन्धित कार्यविधि डाउनलोड गरी बिस्तृत जानकारी लिन सकिने छ।

...प्रकाश प्रधान